# श्री शान्ति माध्यमिक विद्यालय
# Shree Shanti Secondary School
पोखरा म.न.पा.-१६, जुम्लेटी कास्की
Pokhara-16, Jumleti, Kaski
स्थापित : २०३१, Estd: 2031


पत्र संख्या: Dispatch No. २०८३/८४
चलानी नं.: Ref No. २२
मिति / Date : २०८३।०५।०५

श्री सम्बन्धित सबै ।

**विषय: रित्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस श्री शान्ति माध्यमिक विद्यालयमा **निम्न माध्यमिक तह तृतीय श्रेणी अङ्ग्रेजी विषयको** शिक्षक दरबन्दी १ (एक) रित्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०५।०८ गते बसेको बैठकको निर्णय बमोजिम उक्त रित्त पदमा सरुवा प्रक्रियाबाट पूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३।०५।०९ देखि २०८३।०५।२३ गतेसम्म) शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षा नियमावली २०५९ (दशौँ संसोधन २०८३) नियम ९९ को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सरुवाका लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सेवा अवधि खुल्ने कागजात ।
४. शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
५. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
६. स्थायी नियुक्ति पत्रका प्रतिलिपि ।
७. असाधारण तथा वेतलबी बिदा सम्बन्धी कागजात ।
८. कार्यरत विद्यालयको सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली, २०५९ (दशौँ संसोधान २०८३ ) को अनुसूची १७ बमोजिमको फारम ।
११. शिक्षा नियमावली, २०५९ (दशौँ संसोधान २०८३ ) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण र कागजात ।

उक्त अवधिमा प्राप्त भएका निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौँ संसोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने छ । म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

बोधार्थ:
१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, कास्की (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन) ।
२. श्री शिक्षा महाशाखा, पोखरा महानगरपालिका (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन) ।
३. श्री पोखरा महानगरपालिका वडा कार्यलयहरु (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन) ।
४. श्री विद्यालय सूचना अधिकारी (सूचना पाटी तथा विद्यालय फेसबुक पेजका लागि)।

**नोट: यस रित्त दरबन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ ।**

थप जानकारीका लागि: Email: shantisecondary16@gmail.com, 9856087350, 9846285323

सूर्य गिरी
प्रधानाध्यापक

प्रधानाध्यापक